# नेपाल एग्रो
## माइक्रोफाइनान्स वित्तीय संस्था लि.
**Nepal Agro Microfinance Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः**
पोखरा लेखनाथ महानगरपालिका-१८,
विन्ध्यावासिनी, कास्की
फोन : ०६१-४१२४४५, ४१२४४६
इमेल : info@nepalagro.com.np


# दोश्रो वार्षिक साधारण सभाको सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको मिति २०७४/०९/०७ गतेको सञ्चालक समितिको २६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको दोश्रो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभा सम्बन्धी सम्पूर्ण विवरण शेयरधनी महानुभावहरुलाई समयमै पठाइनेछ । कुनै व्यहोराले प्राप्त नभएमा वा हुन नसकेमा यसै सूचनालाई आधार मानी सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :** २०७४/०९/२९ गते शनिवार (तदअनुसार १३ जनवरी, २०१८),
**स्थान :** होटल बाराही, लेकसाइड, पोखरा, कास्की,
**समय :** विहानको ११:०० बजे ।

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३. आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति सम्बन्धमा,
४. सर्वसाधारणलाई शेयर जारी गर्ने सम्बन्धमा,
५. विविध ।

**(ख) विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,

(अ) प्रबन्धपत्रको उल्लेखित दफाहरुमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने,

(क) दफा २ को १ मा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वाड नं. १८, विन्ध्यावासिनी (साविक पोखरा उपमहानगरपालिका वडा नं. २६) मा रहनेछ ।"

(ख) दफा ५ मा वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु अर्न्तगत (ढ) पछि देहाय बमोजिमका कामहरु थप गरिने सम्बन्धमा,

(ण) नेपालमा सञ्चालित कुनै पनि वीमा कम्पनीको संस्थागत वीमा अभिकर्ता लिई ग्राहक सदस्यहरुको जीवन, व्यापार व्यवसाय, बालीनाली तथा पशुपंक्षी आदिको सुरक्षा तथा हितहुने कामहरु गर्ने,

(त) नेपालमा सञ्चालित कुनै पनि विप्रेषण कम्पनीको एजेन्ट भई विदेशबाट पठाएको रकम भुक्तानी मात्र गर्ने र नेपाल भित्र रकम पठाउने तथा पाउने गरी विप्रेषण सम्बन्धी काम गर्ने,

(थ) इलेक्ट्रोनिक बैंकिङ सम्बन्धी कामहरु गर्ने,

(आ) नियमावलीको उल्लेखित नियमहरुमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने,

(क) नियम २ मा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका, वडा नं. १८ विन्ध्यावासिनी (साविक पोखरा उपमहानगरपालिका वडा नं. २६) मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।"

(ख) नियम २७ को उपनियम १ मा "सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्ने छ र सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।"

(ग) नियम २७ को उपनियम २ मा "यस वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समुहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन ।"

(घ) नियम २८ मा "यस वित्तीय संस्थाको सञ्चालकमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा २० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।"

(ङ) नियम २९ मा "स्वतन्त्र सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्बन्धी व्यवस्था" हुनेछ ।

(च) नियम २९ को उपनियम १ मा "ऐनले व्यवस्था गरे बमोजिम सञ्चालक समितिबाट स्वतन्त्र सञ्चालकको नियुक्ति हुनेछ ।"

(छ) नियम २९ को उपनियम ३ मा "स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।"

(ज) नियम ३२ को उपनियम २ मा "...तर, यसरी एकपटक तोकिएको पारिश्रमिक भत्ता तथा आर्थिक सुविधाहरु सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारण सभा सम्पन्न नभए सम्म वृद्धि गर्न पाइने छैन ।"

२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा,

३. वित्तीय संस्थाले एक वा एक भन्दा बढि उपयुक्त बैंक/वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुने जाने प्रयोजनका लागि उपयुक्त बैंक/वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्विकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तीसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने सम्बन्धमा,

४. कार्यक्षेत्र विस्तार गर्न जिल्लाहरु थप गर्ने सम्बन्धमा,

५. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**प्रोक्सी मत सम्बन्धी व्यवस्था :**

(१) उपनियम (३) को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

(५) कुनै सञ्चालकलाई वित्तीय संस्थाको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

(६) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढि व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरु द्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता कितावमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।